# जोरायल राजपत्र

## जोरायल गाउँपालिकाद्वारा प्रकाशित

खण्ड 2 संख्या ५ मितिः 2075 बैशाख 22

### भाग- २

### जोरायल गाउँपालिकाको सूचना

स्थानीय सरकार सञ्चालन ऐन 2074 को दफा 102 उपदफा (3) बमोजिम सर्वसाधारण जनताको जानकारीका लागि प्रकाशन गरिएको छः

**गाउँपालिकाबाट विद्यालयलाई शिक्षक अनुदान सम्बन्धी कार्यविधि -२०७५**

# गाउँपालिकाबाट विद्यालयलाई शिक्षक अनुदान सम्बन्धी कार्यविधि -२०७५

स्विकृत मितिः-२०७५/०१/२१

**प्रस्तावनाः**

जोरायल गाउँपालिका शिक्षा क्षेत्रको हिसावले डोटी जिल्लाको सबै भन्दा ठुलो गाउँपालिका हो । यस गाउँपालिका अन्तरगत जम्मा ६१ वटा विद्यालयहरु रहेका छन । जसमध्ये ५८ वटा सामुदायीक र ३ वटा संस्थागत विद्यालयहरु रहेका छन । शिक्षक दर्बन्दि र भौतिक पुर्वाधारका हिसावले विद्यालयको अवस्था दयानिय रहेको छ । कक्षा १ देखि ५ सम्म संचालित विद्यालयहरुमा २ वटा मात्र दर्बन्दिहरु रहनु, कक्षा ६ देखी ८ तथा ९ र १० सञ्चालनमा रहेका अधिकांस विद्यालयहरुमा दर्बन्दि नै नहुनु यस गाउँपालिकाको विद्यालय क्षेत्रको समस्या रहेको छ । यि यस्तै कुराहरुलाई मध्यनजर गरि सबै भन्दा पहिले विद्यालयहरुलाई शिक्षक अनुदान दिनु आवश्यक छ । निश्चित मापदण्डको आधारमा शैक्षिक गुणस्तर वृद्धि गर्ने शर्तमा विद्यालयहरुलाई शिक्षक अनुदानको व्यवस्था गर्न गाउँपालिकाबाट विद्यालयलाई शिक्षक अनुदान सम्बन्धी कार्यविधि -२०७५
जोरायल गाउँपालिकाको कार्यालय डोटीबाट तयार गरिएको छ ।

## परिच्छेद-१

### १. संक्षिप्त नाम, विस्तार र प्रारम्भ

(१) यस कार्यविधिको नाम विद्यालय शिक्षक अनुदान सम्बन्धी कार्यविधि -२०७५ रहेको छ ।

(२) यो कार्यविधि डोटी जिल्ला जोरायल गाउँपालिका अन्तरगतका सामुदायिक विद्यालयहरुमा लागु हुनेछ ।

(३) यो कार्यविधि गाउँ कार्यपालिकाको कार्यलय जोरायल डोटीबाट स्वीकृत भएको मिति देखि लागु हुनेछ ।

## २. परिभाषा

बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) ऐन भन्नाले शिक्षा ऐन, २०२८ (संशोधनसहित) लाई सम्झनु पर्दछ ।

(ख) नियमावली भन्नाले शिक्षा नियमावली, २०५९ (संशोधनसहित) लाई सम्झनु पर्दछ ।

(ग) आयोग नियमावली भन्नाले शिक्षक सेवा आयोग नियमावली, २०५७(संशोधनसहित) लाई सम्झनु पर्दछ ।

(घ) मन्त्रालय भन्नाले शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय लाई सम्झनु पर्दछ ।

(ङ) विभाग भन्नाले शिक्षा विभाग (मानवस्रोत विकास केन्द्र)लाई सम्झनु पर्दछ ।

(च) आयोग भन्नाले शिक्षक सेवा आयोग लाई सम्झनु पर्दछ ।

(छ) कार्यालय भन्नाले गाउँ कार्यपालिकाको कार्यालय लाई सम्झनु पर्दछ ।

(ज) विद्यालय भन्नाले सामुदायिक विद्यालय लाई सम्झनु पर्दछ ।

(झ) शिक्षा इकाई भन्नाले जोरायल गाउँपालिका शिक्षा इकाई लाई सम्झनु पर्दछ ।

(ञ) आधारभुत तह भन्नाले कक्षा १ देखि ८ सम्मलाई सम्झनु पर्दछ ।

(ट) माध्यमिक तह भन्नाले कक्षा ९ देखि १२ सम्मलाई सम्झनु पर्दछ ।

(ठ) कर्मचारी भन्नाले सामुदायि विद्यालयमा कार्यरत शिक्षक बाहेकका अन्य कर्मचारीलाई सम्झनु पर्दछ ।

(ड) अध्यक्ष भन्नाले विद्यालय ब्यवस्थापन समितिको अध्यक्षलाई सम्झनु पर्दछ । सो शब्दले विद्यालय कर्मचारी छनौट समितिको अध्यक्ष समेतलाई जनाउँछ ।

(ढ) सदस्य भन्नाले विद्यालय ब्यवस्थापन समितिको सदस्यलाई सम्झनु पर्दछ ।

(ण) शिक्षा इकाई भन्नाले जोरायल गाउँपालिका शिक्षा इकाईलाई सम्झनु पर्दछ ।

**३. उद्देश्यः**

- ❖ नेपालको सिंवधान २०७२ को मुल मर्म अनुसार कक्षा तथा तह थपको अनुमति प्राप्त तर कुनै पनि अनुदान रकम प्राप्त नगर्ने निजि स्रोतमा सञ्चालित विद्यालयका निजिस्रोत शिक्षकहरुको पारीश्रमिक रकम उपलब्ध गराई विद्यालयलाई आर्थीक भार कम गर्ने ।
- ❖ अभिभावकबाट चन्दा र विद्यार्थीहरुबाट शुल्क उठाउनु पर्ने परिपाटीको अन्त गरि अभिभावक र विद्यालयको व्यय भार कम गर्ने ।

**४. कार्यक्षेत्रः**

यस जोरायल गाउँपालिका भित्र सञ्चालित सामुदायिक विद्यालयहरुमा कार्यरत प्रकृयागत रुपमा छनौट गरी नियुक्त गरिएका निजि स्रोत शिक्षकहरु तथा नया नियुक्त गरिने निजि स्रोत शिक्षकहरु यसको कार्यक्षेत्र भित्र पर्दछ ।

**५. विद्यालयमा अनुदान वितरणका आधारहरुः**

- ❖ कक्षा १ देखि ३ सम्म सञ्चालित विद्यालयहरुमा १ वटा मात्र राहत/दर्बन्दी भएका विद्यालयहरुलाई वार्षिक रमक रु १,००,०००|- (एक लाख) देखि रु १,५०,०००|- (एक लाख पचास हजार ) सम्म अनुदान उपलब्ध गराउने ।
- ❖ कक्षा १ देखि ५ सम्म सञ्चालित विद्यालयहरुमा २ वटा मात्र राहत / दर्बन्दी भएका विद्यालयहरुलाई वार्षिक रमक रु १,००,०००|- (एक लाख) तथा विद्यार्थी संख्या र शैक्षिक गुणस्तरका आधारमा रु १,५०,०००|- (एक लाख पचास हजार ) सम्म अनुदान उपलब्ध गराउने ।
- ❖ कक्षा १ देखि ८ सम्म सञ्चालित विद्यालयहरुमा एउटा पनि राहत / दर्बन्दी नभएका विद्यालयहरुलाई वार्षिक रमक रु ३,५०,०००|- (तिन लाख पचास हजार) देखी विद्यार्थी संख्या

र शैक्षिक गुणस्तरका आधारमा रु ४,००,०००|- (चार लाख) सम्म अनुदान उपलब्ध गराउने ।

- ❖ कक्षा १ देखि १० सम्म सञ्चालित विद्यालयहरु कक्षा ६ देखी १० सम्म २/ वा ३ वटा सम्म राहत/दर्बन्दी भएका विद्यालयहरुलाई विद्यार्थी संख्या र शैक्षिक गुणस्तरका आधारमा रु २,००,०००|- (दुई लाख) देखी रु ५,००,०००|- (पाच लाख) सम्म अनुदान उपलब्ध गराउने ।
- ❖ शिक्षक अनुदान दिदा विद्यालयको शैक्षिक भौतीक र आर्थीक अवस्था हेरी विद्यालयहरुलाई दिइने अनुदान रकम फरक हुन सक्ने छ ।

**६. कर्मचारी/शिक्षक र सहयोगी कार्यकर्ता सम्बन्धि व्यबस्थाः**

- ➢ सहयोगी कार्यकर्ताको योग्यता SLC उत्तिर्ण तथा SEE मा न्युनतम जिपिए 1.6 GPA ल्याएका उमेदवारहरुबाट लिखित र मौखीक परीक्षाबाट खुला प्रतिसपर्धा गराई छनौट गरीने छ ।
- ➢ यदि विद्यालयहरुमा प्रकृया संगत तरिकाले छनौट भई निजि स्रोतमा कार्यरत शिक्षकहरुको विद्यालय व्यवस्थापन समितिको निर्णयिबमोजिम अनुदानबाट तलव भत्ता खुवाउन म्याद थप गर्ने र निजि स्रोतमा शिक्षक नियुक्त नगरेका विद्यालयहरुले जोरायल गाउँपालिका शिक्षा इकाई ले तयार गरेको शिक्षक छनौट कार्यविधि बमोजिम प्रकृया पुगाई निजि शिक्षक नियुक्त गर्ने ।

**७ अनुदान निकासा तथा सो को लेखा परीक्षण सम्बन्धि व्यवस्थाः**

- ➢ विद्यालयमा निजि स्रोतमा कार्यरत शिक्षकको विद्यालय व्यवस्थापन समितिको निर्णयानुसार म्याद थप गरी नियमानुसार अनुदान रकमबाट तलव भत्ता खुवाउ पर्नेछ ।
- ➢ गाउँपालिकाबाट अनुदान खाने निजि स्रोत शिक्षकहरुको नियुक्ति तथा म्याद थपको व्यक्तिगत विवरण सहितको फाइल तयार गरि १ प्रति विद्यालयले राख्ने र १ प्रति शिक्षा इकाईमा पेश गर्नु पर्ने छ ।

- अनुदान रकमको बिल भर्पाई तथा खर्चको विवरण सम्बन्धि कागजात विद्यालयले अभिलेख राखी गाउँपालिकाबाट नियुक्त लेखापरीक्षकबाट लेखापरीक्षण गराई सो को प्रतिवेदन जोरायल गाउँपालिका र शिक्षा इकाईमा पेश गर्नु पर्ने छ ।

८ **बचाउः** यो कार्यविधि लागु हुनु अधि वितरण भएको अनुदान यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।